लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बर्दिया

गुलरिया, बर्दिया

फोन कार्यालय 084-420146
ईमेल ठेगाना: dfobardiya@gmail.com

O/C

प.सं. २०८२।०८३ (वन व्यवस्थापन शाखा)	मिति २०८२।१२।१७

च.नं. ३९२९

विषयः सूचना अपलोड गरी सो को जानकारी उपलब्ध गराइदिने सम्बन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,

बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा गेरुवा सामुदायिक वन उपभोक्ता समूह, राजापुर न.पा.-१०, बर्दियाको प.सं. २०८२।०८३, च.नं १७, मिति २०८२।१२।१७ को पत्रसाथ प्राप्त पहिलो पटक काठ र दाउरा प्रति एकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्री सम्वन्धी सूचना पाना २ मिति २०८२।१२।१७ गते यस कार्यालयमा प्राप्त भएकोले सो समूहको माग अनुसार ताहाँको वेबसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिनु हुन सादर अनुरोध छ ।

शिव बहादुर के.सी
निमित्त डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री गेरुवा सामुदायिक वन उपभोक्ता समूह,
राजापुर न.पां.-१०, बर्दियाः त्यस समूहबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेत राखिएको व्यहोरा अनुरोध छ ।

# श्री गेरुवा सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. १०, बर्दिया ।

प.स.२०८२/०८३
च.नं. ९८

मिति: २०८२/१२/१७

बिषय: काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलप्रत्रद्धारा लिलाम बिक्रिको सूचना Online गर्ने समबन्धमा ।

श्री डिभिजन वन कार्यालय बर्दिया
गुलरिया ।

उपर्युक्त विषयमा यस समुहबाट मिति २०८२/१२/१७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना प्रकाशित भएकोले उक्त सूचनाको विस्तृत विवरण सहितको सूचना पाना २ लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय, बन निर्देशनालय र डिभिजन वन कार्यालय बर्दिया, गुलरियामा Online गरिदिनुहुन सादर अनुरोध छ ।

धिरिम कुमार चौधरी
(अध्यक्ष)
अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं.
मिति: ०८२/१२/१६

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री गेरुवा सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. १० बर्दिया

प.स.२०८२/०८३

च.नं.

मिति: २०८२/१२/१७

विषय: काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. ०१-२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।१२।१७

श्री गेरुवा सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघसस्था, फर्म वा कम्पनीले यो सुचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/१२/१७ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस गेरुवा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय राजापुर न.पा. वडा नं. १०. बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

## तपसिल

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पैदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मुल्य रु. | दाउरा मूल्य रु. | |
| १ | खयर | १४३ | N | ९२१.६३ | ०.१९ | १००० | ४००० | | | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | जम्मा | १४३ | | ९२१.६३ | ०.१९ | | | | | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८३।०१।०८ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैक लि. राजापुर शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ०२८००१०७८६८५००००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १०००/– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र गेरुवा सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्वी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री गेरुवा सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा.१०, बर्दिया

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०१।[illegible] गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।